# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) धनगढी, नेपाल, असोज ३० गते, २०८० साल (अतिरिक्ताङ्क ४

## भाग १

## सुदूरपश्चिम प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानुन मन्त्रालय

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८० सालको ऐन नं. ४**

**<u>सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक</u>**



<u>प्रस्तावना:</u> सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>(१) यस ऐनको नाम "सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) (पहिलो संशोधन) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ को दफा २ मा संशोधन</u>ः सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको कानुन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(२) खण्ड (ज) को उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राखिएको छः-

"(३) प्रदेश सरकारले बनाएका गठन आदेश, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड,"

३. <u>मूल ऐनको दफा ३ मा संशोधन</u>ः मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) मा रहेको "हस्ताक्षर" भन्ने शब्द पछि "गरी प्रमाणित" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (५) मा रहेका "र यस्तो ऐन वेबसाइटमा समेत राखिनेछ" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) उपदफा (५) बमोजिम प्रदेश राजपत्रमा प्रकाशित भएको ऐन मन्त्रालयको वेबसाइटमा राखु पर्नेछ।"

४. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) उपदफा (७) बमोजिम प्रदेश राजपत्रमा प्रकाशित भएको अध्यादेश मन्त्रालयको वेबसाइटमा राखु पर्नेछ ।"

५. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. नियम, आदेश तथा अधिकारपत्रको प्रमाणीकरण : (१) प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायका सार्वजनिक लिखत स्वीकृत गरेपछि प्रदेश सरकारको प्रमुख सचिवले लिखतको दुई प्रतिमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नु पर्नेछ।

(क) प्रदेश सरकारले बनाएको गठन आदेश, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड,

(ख) प्रदेश सरकारले जारी गरेको आदेश,

(ग) प्रदेश सरकारले जारी गरेको अधिकारपत्र,

(घ) संघीय वा प्रदेश कानुन बमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) ले गर्ने निर्णय वा जारी गर्नुपर्ने अन्य सार्वजनिक लिखत ।

(२) उपदफा (१) बमोजिमका लिखतको एकप्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्को प्रति सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

६. मूल ऐनको दफा १०मा संशोधनः मूल ऐनको दफा १० को,-





(१) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रदेश सरकारले बनाएका गठन आदेश, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड तथा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले जारी गरेको आदेश वा अधिकारपत्र, भाग-२,"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दा ऐन वा अध्यादेश भए मन्त्रालयको सचिवको नाम राखी हस्ताक्षर गरी प्रदेश राजपत्रमा प्रकाशनको लागि पठाउनु पर्नेछ ।"

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) प्रदेश ऐन वा अध्यादेश बाहेकका गठन आदेश, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड तथा अन्य सार्वजनिक लिखतको हकमा सम्बन्धित अधिकारी वा निकायको निर्णयको आधारमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले सम्पादनका लागि सक्कल निर्णय फाइल सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।"

(४) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) बमोजिम मन्त्रालयले सम्पादन गरी पठाए बमोजिमको सूचनामा सम्बन्धित

मन्त्रालय वा निकायको सचिवको नाम राखी निजको हस्ताक्षरसहित प्रदेश राजपत्रमा प्रकाशनको लागि मन्त्रालयमा पठाउनु पर्नेछ।"

(५) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) यस ऐन बमोजिम राजपत्रमा प्रकाशित सार्वजनिक लिखत मन्त्रालयको वेबसाइटमा राख्नु पर्नेछ।"

७. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ मा रहेको "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" भन्ने वाक्यांशको सट्टा "मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४" भन्ने वाक्यांश राखिएको छ।

८. मूल ऐनको दफा १५ मा संशोधनः मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. खारेजी र बचाउः (१) प्रदेश नं.७ प्रदेशस्तरको केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४ खारेज गरिएको छ ।

(२) प्रदेश नं ७ प्रदेशस्तरको केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।"

**प्रमाणीकरण मितिः-२०८०।०६।३०**

**आज्ञाले,**
**विश्वदीप बेस्रा**
**प्रदेश सरकारका निमित्त सचिव**



मुद्रकःआन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. ५।-